
# एम्नियोटिक तरल सूचकांक

THE OHIO STATE UNIVERSITY
WEXNER MEDICAL CENTER

## एम्नियोटिक तरल पदार्थ के हो?

गर्भावस्थाको समयमा, पाठेघरमा रहेको एम्नियोटिक तरलले तपाईंले आफ्नो शरीरलाई चलाउँदा तपाईंको बच्चालाई टक्कर लाग्न वा चोट लाग्नबाट बचाउँछ। तरल पदार्थले तपाईंको बच्चालाई घुम्न मद्दत गर्छ र तपाईंको बच्चालाई स्वस्थ तापक्रममा राख्न मद्दत गर्छ।




© 2017 Healthwise, Inc.

## तरल पदार्थ नाप्दै

तपाईंको शरीर भित्र भएको एम्नियोटिक तरल पदार्थको मात्राले हामीलाई तपाईं र तपाईंको बच्चाको स्वास्थ्यको बारेमा बताउन सक्छ। तपाईंको बच्चाको वरिपरि रहेको एम्नियोटिक तरल पदार्थको मात्रा मापन गर्नका लागि तपाईंको पेटमा एउटा साधारण अल्ट्रासाउन्ड जाँच गर्न सकिन्छ। यसलाई **एम्नियोटिक तरल इन्डेक्स (Amniotic Fluid Index, AFI)** भनिन्छ।

AFI ले तपाईंको बच्चाको वरिपरि धेरै वा अति कम तरल पदार्थ देखाउँछ भने, यसको कारण पत्ता लगाउन थप परीक्षणहरू गर्ने आवश्यक हुन सक्छ। तपाईंको बच्चाको वरिपरि तरल पदार्थको मात्रा समयसँगै राम्रो हुन्छ कि हुँदैन भनेर हेर्नका लागि तपाईंले साप्ताहिक रूपमा AFI दोहोर्याउन सक्नुहुन्छ।

## मेरो शरीर भित्र धेरै तरल पदार्थ छ भने के हुन्छ?

तपाईंको बच्चाको वरिपरि आवश्यक भन्दा बढी तरल पदार्थ हुनुलाई पोलीहाइड्रम्नियोस भनिन्छ। कतिपय अवस्थामा, धेरै एम्नियोटिक तरल पदार्थले समस्या उत्पन्न गर्दैन र समयका साथ निको हुँदै जान्छ। अन्य अवस्थामा, यसले समस्याहरू निम्त्याउन सक्छ, जस्तै समयपूर्व प्रसव, तपाईंको पानीको समयभन्दा पहिले फुट्नु (एम्नियोटिक थैली फुट्नु) वा यसले सिजेरियन डेलिभरी (पाठेघर चिरेर शल्यक्रियाबाट बच्चा जन्माउने विधि वा सी-सेक्शन पनि भनिने) हुने सम्भावना बढाउन सक्छ।

- अत्याधिक एम्नियोटिक तरलका केही कारणहरूमा मधुमेह, आनुवंशिक अवस्था वा जन्म दोषहरू वा जुम्ल्याहा बच्चाहरू हुने आशा समावेश हुन सक्छ।
- तपाईंमा कुनै लक्षण नदेखिन सक्छ। तपाईंलाई तपाईं गर्भवती भएको समयका लागि अपेक्षित भन्दा ठूलो गर्भाशय, सास फेर्न गाह्रो हुनु वा संकुचन पनि हुन सक्छ।

## मेरो शरीर भित्र अति कम तरल पदार्थ छ भने के हुन्छ?

तपाईंको बच्चाको वरिपरि कम मात्रामा एम्नियोटिक तरल हुनु वा लगभग कुनै एम्नियोटिक तरल नहुनु (ओलिगोहाइड्रेम्नियोस भनिन्छ) ले तपाईंको बच्चा कसरी बढ्छ र प्रसव र सुत्केरीको समयमा समस्याहरू निम्त्याउन सक्छ।

- एम्नियोटिक तरल पदार्थ कम हुनुका केही कारणहरूमा तपाईंलाई स्वास्थ्य समस्या हुन सक्छ, जस्तै उच्च रक्तचाप, प्लेसेन्टाको समस्या वा यो बच्चाको मृगौला वा पिसाब नलीमा समस्याको कारण हुन सक्छ।
- तपाईंमा कुनै लक्षण नदेखिन सक्छ वा तपाईंको योनिबाट तरल पदार्थ चुहिरहेको हुन सक्छ। तपाईंको गर्भावस्थाको उमेरको लागि तपाईंको पाठेघर अपेक्षित भन्दा सानो हुन सक्छ वा तपाईंले आफ्नो बच्चाको चाल सुस्त भएको देख्न सक्नुहुन्छ।

समस्या के कारणले भइरहेको छ र तपाईं सुत्केरीको कति नजिक हुनुहुन्छ भन्ने आधारमा, तपाईंलाई कुनै उपचारको आवश्यकता नहुन सक्छ वा तपाईंको डाक्टरले तपाईंको प्रसव उत्प्रेरित गराउन चाहन्छन्। तपाईंलाई थप पानी पिउन पनि भनिन्छ वा तपाईंलाई नसामा (Intravenous, IV) तरल पदार्थहरू दिन आवश्यक हुन सक्छ।

## अनुगमन हेरचाह

तपाईंको शरीर भित्र धेरै वा अति कम एम्नियोटिक तरल पदार्थ छ भन्ने कुरा फेला पर्यो भने अनुगमन हेरचाह तपाईंको उपचार योजना र तपाईं र तपाईंको बच्चाको सुरक्षाका लागि एउटा महत्त्वपूर्ण भाग हो।

तपाईंका सबै भेटघाटहरूका समय तालिका बनाउन र राख्न निश्चित हुनुहोस् र तपाईंलाई कुनै लक्षण वा चिन्ताहरू छन् भने आफ्नो प्रदायकलाई बताउनुहोस्।

**यो ह्यान्डआउट सूचनात्मक उद्देश्यका लागि मात्र हो। तपाईंसँग तपाईंको हेरचाहको बारेमा कुनै प्रश्नहरू छन् भने आफ्नो स्वास्थ्य सेवा प्रदायकसँग कुरा गर्नुहोस्।**

थप स्वास्थ्य जानकारीका लागि, **wexnermedical.osu.edu/patiented** मा जानुहोस् वा 614-293-3707 वा health-info@osu.edu मा स्वास्थ्य जानकारीका लागि पुस्तकालयलाई सम्पर्क गर्नुहोस्।


© 2024 – अक्टोबर 16, 2024, The Ohio State University Wexner Medical Center

# Amniotic Fluid Index

THE OHIO STATE UNIVERSITY
WEXNER MEDICAL CENTER

## What is amniotic fluid?

During pregnancy, amniotic fluid in the uterus protects your baby from being bumped or hurt as you move your body. The fluid helps your baby move around and helps keep your baby at a healthy temperature.




© 2017 Healthwise, Inc.

## Measuring the fluid

The amount of amniotic fluid you have can tell us about the health of you and your baby. A simple ultrasound on your abdomen can be done to measure the pockets of amniotic fluid surrounding your baby. This is called an **amniotic fluid index (AFI).**

If the AFI shows too much or too little fluid around your baby, more tests may need to be done to try to find the cause. You may have the AFI repeated weekly to see if the amount of fluid around your baby gets better over time.

## What if I have too much fluid?

Having more fluid around your baby than there should be is called polyhydramnios. In some cases, too much amniotic fluid does not cause problems and goes away over time. In other cases, it can cause problems, such as preterm labor, premature breaking of your water (amniotic sac rupture), or it may increase your chances of having a cesarean delivery (C-section).

- Some causes of too much amniotic fluid may include diabetes, genetic conditions or birth defects, or expecting twins.
- You may have no symptoms. You can also have a uterus that is larger than expected for the age of your pregnancy, shortness of breath, or contractions.

## What if I have too little fluid?

Having a low amount of amniotic fluid around your baby, or almost no amniotic fluid (called oligohydramnios) can affect how your baby grows and may lead to problems during labor and delivery.

- Some causes of low amniotic fluid may include a health problem you have, such as high blood pressure, a problem with the placenta, or it may be due to a problem with the baby's kidneys or urinary tract.
- You may have no symptoms or you may be leaking fluid from your vagina. Your uterus may be smaller than expected for the age of your pregnancy, or you may notice your baby's movements slowing down.

Depending on what is causing the problem and how close you are to delivery, you may not need any treatment, or your doctor may want to induce your labor. You may also be asked to drink more water or you may need to be given IV fluids.

## Follow-up care

If it is found that you have too much or too little amniotic fluid, follow-up care is an important part of your treatment plan and for the safety of you and your baby.

Be sure to schedule and keep all of your appointments, and let your provider know if you are having any symptoms or concerns.

**This handout is for informational purposes only. Talk to your healthcare provider if you have any questions about your care.**

For more health information, go to **wexnermedical.osu.edu/patiented** or contact the Library for Health Information at 614-293-3707 or health-info@osu.edu.

© 2024 – October 16, 2024, The Ohio State University Wexner Medical Center